नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

फोन: ०१०-५४०१३१ कार्यालय
०१०-५४०१३२ प्र.जि.अ.
०१०-५४००१९ हटलाईन
फ्याक्स: ०१०-५४०१३३
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: www.daorasuwa.moha.gov.np

धुन्चे, रसुवा

पत्र संख्या :
चलानी नम्बर :

# प्रेस-नोट

आज मिति २०७७।०४।२६ गते जिल्ला स्तरीय कोभिड संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठकबाट भएका निर्णयहरू सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

**निर्णयहरुः**

१. हाल देशव्यापी रूपमा तथा छिमेकी जिल्लामा समेत कोभिड-१९ सङ्क्रमणको दर बढी रहेकोले रसुवा जिल्लामा समेत सङ्क्रमणको जोखिमको सम्भावना रहेको हुँदा कोभिड-१९ सङ्क्रमण रोकथाम तथा नियन्त्रणका लागि सार्वजनिक सेवा प्रवाह, यातायात र आवागमन, उद्योग व्यवसाय सञ्चालन लगायतका विषयमा देहाय बमोजिम गर्ने/गराउने:

क. जिल्लास्थित सबै सरकारी, अर्धसरकारी, निजी तथा गैरसरकारी क्षेत्रका कार्यालयहरूले सेवा प्रवाह गर्दा हुनसक्ने भिडभाडलाई कम गर्न सम्पर्क कर्मचारी तोकी सम्पर्क नम्बरसहित सम्पर्क कर्मचारीको नाम सार्वजनिक गर्ने र सेवाग्राहीले सेवा लिन आउनुपूर्व उक्त कर्मचारीसँग सम्पर्क गरेर मात्र सेवा लिन जाने ।

ख. जिल्लाभित्र रहेका मन्दिर, गुम्बा, चर्च आदिमा सामूहिक भेला हुन नदिने, सामूहिक भेला हुने खालका कुनै किसिमका मेला, जात्रा, पर्व, समारोह हुन नदिने र सबै प्रकारका भेला, सम्मेलन तथा जमघटका कार्यक्रम नगर्ने/नगराउने ।

ग. विद्यालयमा उपस्थित भई गरिने पठनपाठन, कोचिङ तथा ट्युसन सेन्टरहरू सञ्चालन गर्न नदिने र वैकल्पिक सिकाइ विधिको अवलम्बन गर्न विद्यालयहरूलाई निर्देशन दिने ।

घ. छिमेकी जिल्ला लगायत अन्य जिल्लाहरुमा कोभिड-१९ को संक्रमणको दर बढ्दै गई रहेको, सार्वजनिक यातायात संचालन हुँदा अन्य जिल्लाबाट यस जिल्लामा सहजै संक्रमितहरुको आवतजावत हुनसक्ने जोखिम देखिएको, सार्वजनिक यातायातका साधानहरुले न्यूनतम स्वास्थ्य सुरक्षा मापदण्ड समेत अवलम्बन नगरी यात्रुहरु ओसारपसार गरेको पाईएकोले अर्को आदेश नभएसम्मको लागि सार्वजनिक यातायातहरुको सञ्चालनमा रोक लगाउने ।

ङ. बालबालिका, जेष्ठ नागरिक, दीर्घ रोगी र गर्भवती महिलाहरूलाई अत्यावश्यक नपरी घरबाहिर ननिस्कन र हिंडडुल नगर्न अनुरोध गर्ने ।

च. जिल्लाभित्र सञ्चालनमा रहेका विभिन्न आयोजनाहरूले बाहिरी मुलुक वा जिल्लाबाट कर्मचारी तथा कामदार ल्याउँदा सम्बन्धित स्थानीय तहको सहमति र जिल्ला प्रशासन कार्यालयको स्वीकृतिमा मात्रै ल्याउने, त्यसरी ल्याइने कामदारलाई छुट्टै क्वारेन्टिनको व्यवस्थापन गर्ने, कार्य गर्दा न्यूनतम भौतिक दुरी कायम गर्ने, मास्कको अनिवार्य प्रयोग गर्ने, साबुनपानीले नियमित हात धुने वा स्यानिटाइजर लगाउनेजस्ता मापदण्ड पुरा गर्ने ।

छ. सबै प्रकारका सेवा तथा कार्यहरु सञ्चालन गर्दा २ मिटरको भौतिक दुरी कायम गर्ने, मास्क प्रयोग गर्ने, पटक पटक साबुन पानीले हात धुने वा स्यानिटाईजरको प्रयोग गर्ने लगायतका जनस्वास्थ्यका मापदण्ड र सुरक्षाका मापदण्ड अनिवार्य रुपमा पालना गरी सेवा र कार्यहरु सञ्चालन गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय

फोन: ०१०-५४०१३१ कार्यालय
०१०-५४०१३२ प्र.जि.अ.
०१०-५४००१९ हटलाईन
फ्याक्स: ०१०-५४०१३३
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: www.daorasuwa.moha.gov.np

धुन्चे, रसुवा

पत्र संख्या :
चलानी नम्बर :

२. कोभिड-१९ को बढ्दो संक्रमणको जोखिमलाई मध्यनजर गर्दै जिल्लास्थित कार्यालयका कार्यालय प्रमुख/कर्मचारीहरुले जिल्ला नछोड्ने, बेत्रावती नाकामा सवारी पास लिए/नलिएको यकिन गरी चेकजाँचमा थप कडाई गर्ने । जिल्ला प्रवेश विन्दु बेत्रावती नाकामा जिल्ला प्रवेश गर्ने व्यक्तिहरुको अनिवार्य रुपमा Travel Health History Card जारी गर्ने ।

३. भारत तथा तेस्रो मुलुकबाट नेपाल फर्किई सिधै रसुवा भित्रिने वा होल्डिङ सेन्टरमा केही दिन बसी रसुवा भित्रिने सबैलाई सम्बन्धित स्थानीय तहले सञ्चालन गरेको स्थानीय तहमा कम्तीमा १४ दिन राख्ने र नेपाल भित्रिएको ५-७ दिनभित्र RT-PCR परीक्षणका लागि स्वाब सङ्कलन गरी प्रयोगशालामा पठाउने व्यवस्था अनिवार्य गर्ने । परीक्षणको नतिजा नेगेटिभ आएमा क्वारेन्टिनमा बसेको १४ दिन पूरा भएपछि मात्र क्वारेन्टिनबाट डिस्चार्ज गरी थप १४ दिनका लागि घरैमा सेल्फ-क्वारेन्टिनमा रहने गरी डिस्चार्ज गर्ने ।

४. अन्य जिल्लाबाट रसुवा प्रवेश गर्ने सम्भावित जोखिममा रहेका सबैलाई सम्बन्धित स्थानीय तहको क्वारेन्टिनमा वा आफ्नै घर, कार्यालय/कार्यालय आवास वा डेरामा स्वयंएकान्तवासमा रहँदा पालना गर्नुपर्ने आचारसंहिता पालना गर्ने गरी कम्तीमा १४ दिन अनिवार्य राख्ने/रहने व्यवस्था सम्बन्धित गाउँपालिका कार्यालयले गर्ने । जिल्ला स्वास्थ्य कार्यालय/गा.पा.स्वास्थ्य शाखाहरुले त्यसरी क्वारेन्टिनमा रहेका व्यक्तिहरूको RT-PCR परीक्षण तोकिएको मापदण्डबमोजिम गर्ने ।

५. जिल्लाभित्र अग्रपंक्ति(Front line)मा खटिने (जनप्रतिनिधि, सेवाप्रदायक निकायका कर्मचारी, सुरक्षाकर्मी, स्वास्थ्यकर्मी, पत्रकार) व्यक्तिहरुको RT-PCR परीक्षण अनिवार्य गर्न आवश्यक व्यवस्था मिलाउने ।

६. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले मिति २०७७/०४/१४ मा प्रकाशित गरेको National Testing Guidelines for COVID-19 बमोजिम स्वास्थ्य कार्यालय, रसुवाको समन्वयमा मापदण्ड पुगेकाहरूको परीक्षण गर्ने/गराउने । त्यसरी परीक्षणका लागि नमुना पठाउने कार्यमा सम्बन्धित स्थानीय तहले सहयोग र समन्वय गर्ने ।

७. रसुवा अस्पतालबाट भर्खरै १ जना मेडिकल अधिकृतको अन्यत्र सरुवा भएपश्चात् अस्पतालमा हाल २ जना मात्र मेडिकल अधिकृतहरू रहेकाले कोभिड-१९ सङ्क्रमित तथा संकास्पदहरूको उपचार र व्यवस्थापन लगायत अस्पतालबाट प्रदान गरिने अत्यावश्यक सेवाहरू सञ्चालन गर्न कठिनाइ हुने भएकाले थप चिकित्सकको व्यवस्थापन गर्न सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडालाई अनुरोध गर्ने र तत्कालका लागि अर्को व्यवस्था नहुन्जेल कालिका गाउँपालिका अन्तर्गतको जिबजिबे ग्रामिण अस्पतालबाट १ जना मेडिकल अधिकृत (छात्रवृत्ति करार) कामकाज गर्न पठाउनका लागि कालिका गाउँपालिकालाई अनुरोध गर्ने ।

श्रावण २६, २०७७

२०७७।०४।२६
सपना कुमारी भट्टराई
सहायक प्रमुख जिल्ला अधिकारी
प्रवक्ता/सूचना अधिकारी